# डुङ्गेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय, दैलेख
# नदिजन्य पदार्थको संकलन एवं बिक्रि वितरण शुल्क उठाउने सम्बन्धी कार्ययोजना २०८१

गाउँपालिकाः **डुङ्गेश्वर**

जिल्लाः **दैलेख**

प्रदेशः **कर्णाली, नेपाल**

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०७/०७

प्रमाणिकरण मितिः २०८१/०७/०७

प्रमाणिकरण गर्नेको दस्तखतः

नाम थरः सुन्दर कुमार के.सी.

पदः गाउँपालिका अध्यक्ष

१. पृष्ठभूमीः-

नेपालको संविधानले राज्य शक्तीलाई संघीय, प्रादेशिक एवं स्थानीय सरकारको रुपमा वाँडफाँड गरेको अवस्थामा आ-आफ्ना भूमिका निर्वाह गर्न प्रर्याप्त आर्थिक स्रोतको व्यवस्था अनिवार्य रहेको हुन्छ । सोही कुरालाई मध्यनजर गदैं संवैधानिक व्यवस्था बमोजिम स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ मा वित्तिय अधिकारको व्यवस्था समेत गरिएको छ । उक्त ऐनको दफा ६२ (क) ले दिएको अधिकार बमोजिम आफ्नो क्षेत्रधिकारभित्र रहेका नदिजन्य पदार्थको बिक्री गर्न सक्ने अधिकार यस गाउँपालिकालाई समेत प्राप्त भएको छ ।

नेपाल सरकारबाट जारी भएको ढुङ्गा, गिट्टी बालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ ले संघीय, प्रादेशिक एवं स्थानीय वातावरण संरक्षण ऐन, कार्यविधी आदिमा भएको व्यवस्था बमोजिमको प्रकृयाहरु पुरा गराएर उत्खनन्/ स्टक नदिजन्य पदार्थको व्यवस्थापन गरी राजश्व संकलन गर्नुपर्ने कानूनी व्यवस्था बमोजिम यस गाउँपालिकाबाट प्रारम्भीक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने र गृह मन्त्रालको परिपत्रबाट प्राप्त भएको निर्देशन, जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयबाट प्राप्त गरी तत्काल नदिजन्य पदार्थको व्यवस्थापन गरी खुला रुपमा सम्वन्धित सवै पक्षले खरिद गर्न पाउने गरि गाउँपालिका कार्यालयले आफनै जनशक्ति परिचालन गरि  राजश्व संकलन गर्नुपर्ने अवस्था विद्यमान छ ।

नदिजन्य पदार्थको संकलन/उत्खनन/स्टक र सो को राजश्व संकलन कार्यलाई वैज्ञानिक र व्यवस्थित रुपमा संचालन गरी स्थानीय गुनासो, द्धन्द र विवादको अवस्था उत्पन्न हुन नदिन कार्ययोजना तयार गरिएको छ ।

२. कार्ययोजनाको औचित्यः-

क) गाउँपालिकाबाट स्वीकृत प्राविधिक प्रतिवेदन, जिल्ला विपद् व्यवस्थापन समितिको निर्देशन एवं नदिजन्य पदार्थको व्यवस्थापन गर्ने सम्बन्धमा नेपाल सरकार/ प्रदेश सरकारबाट प्राप्त निर्देशन, मार्गदर्शनको परिपालन गर्नु गराउनु ।

ख) राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउनु

ग) नदिजन्य पदार्थको दिगो व्यवस्थापनमा स्रोतको अभाव हुन नदिनु

३. कार्ययोजनाको उदेश्यः-

क) नदिजन्य पदार्थको संकलन/उत्खनन/स्टक कार्यलाई वैज्ञानिक तथा व्यवस्थित रुपमा संचालन गरी विवाद रहित एवं वातावरणमैत्री बनाउनु ।

ख) राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउनु ।

ग) सार्वजनिक तथा निजी निर्माण कार्यलाई नदीजन्य श्रोत ढुंगा,गिट्टी,वालुवाको उपलब्धता सर्वशुलभ र मुल्य नियन्त्रण गर्ने ।

घ) नियमित रुपमा भैरहेको नदी उकास कार्यलाई नियन्त्रण र ब्यवस्थित तथा विपद जोखिम न्यूनिकरण गरी खेतीयोग्य जमिन, गाउँवस्ती, सार्वजनिक सम्पत्तीको रुपमा रहेको राजमार्ग पुल पुलेसाहरुको संरक्षण गर्ने ।

४. कार्ययोजना लागु हुने अवधिः-

कार्यालयले नदीजन्य श्रोतको ठेक्का वन्दोवस्ति नभईन्जेल सम्मका लागि वढिमा २०८२ आषाढ मसान्त सम्म यो कार्ययोजना लागु हुनेछ ।

५. नदिजन्य पदार्थको संकलन/स्टक, भण्डारण, बिक्रि वितरण एवं ढुवानी सम्बन्धी सामान्य व्यवस्थाः-

जिल्ला विपद व्यवस्थापन समितिले स्वीकृत गरेको प्रतिवेदनलाई स्रोत मानि जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयको आधारमा स्वीकृत भएको परिमाण,वातावरणिय प्रतिवेदनले यकिन गरेको परिमाण, आयोजनाहरुका लागि उपलब्ध हुने परिमाण तथा विभिन्न उद्योगहरुमा तथा ब्यवसायिक प्रयोजनका लागि थुपारिएका स्टकवाट उपलब्ध भएको कुल परिमाण मध्येबाट तोकिएको अवधि भित्रै ढुङ्गा, गिट्टी तथा बलुवा उत्खनन/स्टक बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ को दफा ४ (१०) को प्रतिबन्धात्मक वाक्यांश एवं दफा ६(४) को प्रतिवन्धात्मक वाक्यांशले दिएको अधिकार प्रयोग गरी तत्कालै अमानतबाट नदिजन्य पदार्थको संकलन/उत्खनन/स्टक एवं बिक्रि को व्यवस्था मिलाइनेछ । गाउँ कार्यपालिकाको मिति २०८१ कात्तिक ०७ गते बसेको कार्यपालिका बैठकको निर्णय अनुसार अमानतमा नदीजन्य पदार्थ ढुंगा गिट्टी वालुवा आदीको विक्री शुल्क संकलन गर्ने गरी यो कार्ययोजना तयार गरेको छ ।

देहायः-

(क) पूर्व संकलन अवस्थाः-

नदिजन्य पदार्थको संकलन/स्टक कार्य गर्नुभन्दा अगावै स्वीकृत भै तोकिएका क्षेत्रहरुमा प्राविधिक सहितको टोली परिचालन गरी GPS को माध्यबाट Zoning गर्ने कार्य गरिनेछ । यसरी Zoning भएको क्षेत्रको चार किल्लामा रातो झण्डा गाडी संकेत प्रदान गरिनेछ । आवश्यकता अनुसार रातो रङ्गको इनामेल प्रयोग गरी ठूला ढुङ्गा वा भित्ताहरुमा स्वीकृत वा निषेधित क्षेत्र जनाउने संकेत चिन्हहरुको प्रयोग गरिनेछ । उल्लेखित प्रकृया पुरा संकलन/उत्खनन/स्टक कार्यको थालनी गरिएको जानकारी एवं आवश्यक समन्वय र सहयोगको माग गरी सम्बन्धित निकायहरुमा पत्राचार गरिनेछ । गाउँपालिका क्षेत्र भित्र संरक्षण क्षेत्र पर्ने देखिएमा आवश्यक समन्वयमा लागि संरक्षित क्षेत्र संगको सम्मन्धित कार्यालयहरु समक्ष समेत अनुरोध गरिनेछ ।

(ख) पूर्व संकलन/उत्खनन/स्टकको अवस्थाः-

१) प्रकरण क को अवस्था पुरा भैसकेपछि १/२ मिटर भन्दा कम गहिराईको क्षेत्रको संकलन कार्यमा हाते औजारको प्रयोगलाई स्वीकृती प्रदान गरिनेछ । यसका लागि आवश्यकता अनुसार ज्यामी/कामदारहरुको सूचिकरण गरी अनुमति प्रदान गर्ने व्यवस्था समेत मिलाउन सकिनेछ ।

त्यसैगरी १ मिटर सम्म गहिराईका क्षेत्रहरुबाट नदिजन्य पदार्थ हटाउनु परेमा मात्र मध्यम प्रकारको एक्साभेटरको प्रयोग गरिनेछ । वातावरणिय परिक्षण प्रतिवेदन अनुसारको उत्खनन कार्य गर्नु पर्ने भएमा सो प्रतिवेदनले सिफारिस गरेको विधि अनुसार कार्यान्वयन गरिनेछ ।

२) स्टकको हकमा प्राविधिक समितिले स्थलगत रुपमा नापजाँच गरी कार्यपालिकाले कायम गरेको स्टक परिमाण कार्यान्वयन गर्न सकिनेछ । उत्खनन नभएको अवस्थामा फिल्डमा छड्के नापजाँच गरी चोरि निकासी भै थुपारिएका स्टकलाई समेत नियमानुसार तोकिएको जरिवाना लिई कायम हुने परिमाण समेतलाई स्टक मानी कारोवार योग्य कायम गरिनेछ । तर चोरी निकासी भै थुपारिएका नदीजन्य श्रोतहरु राजश्व परामर्श समितिको सिफारिसमा कार्यपालिका वैठकले मात्र स्टक कायम गर्न सक्नेछ ।

३) मेशीनरी प्रयोग गर्नुपर्दाको अवस्थामा एक संकलन केन्द्रमा बढीमा प्रति ५०० मिटर दुरीमा २ वटा ढुवानीका साधनहरु प्रयोग गर्न सक्ने गरी सकेसम्म एउटा मात्र मेशीन प्रयोग गर्ने अनुमति प्रदान गर्न जोड गरिनेछ । यसरी प्रयोग हुने मेशिनको नम्बर लगायतका विवरण कार्यालयमा पेश गरी व्यहोरा खोलि अनुमति प्रदान गर्न सकिनेछ ।

४) संकलन/उत्खनन/स्टक गर्दा पानीको वहावलाई भेट्ने गरी गर्न पाइने छैन । यस्तो कार्य विहान सुर्योदय देखि साँझ सूर्यास्त सम्म मात्र गर्न पाइनेछ ।

५) हाल संचालनमा रहेको पहुँच मार्ग खोलासंगै जोडिएको हुँदा सवारी आवागमनमा जोखिम बढाउने गरी पहुँच मार्गको आडैमा उत्खनन/स्टक गर्ने वा ठूला ठूला खाल्डा हुनेगरी गरिने उत्खनन/स्टकलाई मान्यता दिइने छैन अर्थात यस प्रकारको उत्खनन/स्टक गर्न दिइने छैन । विभिन्न पूर्वाधारहरुबाट छोडनु पर्ने दुरी सम्बन्धि मापदण्ड लाई पालना गराइनेछ ।

६) मेशीनद्धारा गरिने उत्खनन/स्टक कार्यालयको आर्थिक क्षमताले भ्यएसम्म आफैले गर्ने गरी प्रवन्ध मिलाइनेछ । कार्यालयको स्रोतले नभ्याउने अवस्था भएमा स्थानीय उद्योगहरुलाई परिचालन गरिनेछ ।

७) उत्खनन/स्टक कार्यको सुपरिवेक्षण गर्न एक क्षेत्रमा १ जना प्राविधिक कर्मचारी फिल्डमा खटाइनेछ । उत्खनन/स्टक क्षेत्रमा गहिराइ नाप्ने प्रायोजनका लागि Exavation Measoring Rod को उपलब्धता गराईनेछ ।

८) जिल्ला विपद् व्यवस्थापन समितिको को निर्णयका प्रावधान यसैको लागि अभिन्न अङ्ग मान्ने ।

(ग) विक्री वितरण एवं दुवानीको अवस्थाः-

उत्खनन/स्टक गरिएका नदिजन्य पदार्थको डुङ्गेश्वर गाउँपालिकाको आर्थिक ऐन २०८१ मा तोकिएको दर रेटमा खरिद गर्न ईच्छुक जो सुकैलाई समान व्यवहारको आधारमा बिक्रि वितरण गरिनेछ । यसरी खरिद गर्न चाहनेले तोकिएको कर भुक्तानी गरी तोकिएको संकलन केन्द्र वा कार्यालयले तोकेको विक्री शुल्क संकलन केन्द्रमा विक्री शुल्क वुझाई खरिद गरी लैजान सक्नेछ । ढुवानी गर्दा पानी धमिलो नपार्ने गरी छुट्टै पहुच मार्गको प्रयोग गरी गर्नु पर्नेछ । यसरी बिक्री

वितरण गरेको विवरण अनुसूची (२) बमोजिमको ढाचाँमा राख्ने प्रबन्ध कार्यालयले मिलाउनेछ । यसैको आधारमा ७/७ दिनको विवरण तालुक निकायहरुमा पठाइनेछ । उपरोक्तानुसारको कार्य अमानतमा गरिने अवस्थामा प्रत्येक संकलन केन्द्रमा १/१ जनाको हिसाबले र २ जना छड्के जाँच गर्ने प्रयोजनका लागि गरी ३ (तीन) जना कर्मचारी गाउँपालिकामा कार्यरत कर्मचारीहरु खटाईने छ । कार्यालयको मौजुदा कर्मचारीले कार्य गर्न नभ्याएमा सेवा करारबाट लिई संचालन गरिनेछ । त्रिपालले छोप्ने, प्रेशर हर्न नबजाउने, पानी चुहाएर नहिड्ने, धूलो नउडाउने, स्पीड लिमिट ४० कि.मि. प्रति घण्टा राख्ने, भार वहन क्षमता भन्दा बढी ढुवानी नगर्ने ।

(घ) संकलन/उत्खनन/स्टक कार्यको अनुगमन सम्बन्धी व्यवस्थाः-

संकलन/उत्खनन/स्टक कार्यको नियमित सुपरीवेक्षण र अनुगमनका लागि निम्नानुसार को चार तहको अनुगमन संयन्त्र तयार गरी परिचालन गरिनेछ ।

१) प्राविधिकद्धारा सुपरीवेक्षणः- उत्खनन/स्टक कार्यको नियमित सुपरीवेक्षणका लागि १ जना प्राविधिकलाई फिल्डमा खटाईने र निजले नियमित सुपरिवेक्षण गरी कमी कमजोरीको तत्कालै सुधार गर्न लगाउनु पर्नेछ ।

२) कार्यदलद्धारा अनुगमनः- उत्खनन/स्टक कार्य एवं सुपरीवेक्षण कार्यको नियमित अनुगमन गर्न उपाध्यक्षको संयोजकत्वमा प्राविधिक शाखा कर्मचारी १ (एक) जना र राजश्व शाखा कर्मचारी १ (एक) जना गरी ३ (तीन) सदस्य अनुगमन कार्यदल गठन गरिनेछ । उक्त कार्यदलले उत्खनन/स्टक कार्यका साथै राजश्व संकलनको अवस्था समेत २४ सै घण्टा निगरानी गर्नेछ ।

ङ) अनुगमन समिति

१) राजश्व शाखाको प्रमुख २) राजश्व दाखिला विवरणको हिसाब राख्ने कर्मचारी (स्टोर सहायक (३) सहायक अन्य कर्मचारी – कम्तीमा ३ जना फिल्डमा खटीने आवश्यकता अनुसार अन्य कर्मचारी पनि खटाउन सकिने छ ४) उत्खनन् स्थलमा उत्खननको लगत राख्ने प्रयोजनका लागि उत्खनन अनुमति दिईएको मेसिनरी औजार र ढुवानीका साधनहरु अनुसार आवश्यक सहयोगी कर्मचारीहरु समेत थप गरी फिल्डमा खटिने छन ।

३) प्राविधिक समितिबाट अनुगमनः- नेपाल सरकार/प्रदेश सरकारबाट जारी भएका मापदण्ड बमोजिम कार्य भए/नभएको विषयमा अनुगमन गरी सुधारात्मक सुझाब दिने प्रयोजनका लागि यस अधि गठन भएको प्राविधिक समितिलाई परिचालन गरिनेछ ।

४) स्थानीय अनुगमन समितिबाट अनुगमनः- संकलन/उत्खनन/स्टक एवं राजश्व असुली कार्यको समग्र अनुगमन गर्नका लागि गा.पा. अध्यक्ष/उपाध्यक्ष/वडाध्यक्ष/कार्यपालिकाको सदस्य, स्थानीय प्रहरी कार्यालय, वन, निकुञ्ज कार्यालय लगायतका प्रतिनिधि संलग्न हुने अनुगमन समिति मार्फत अनुगमन गरिनेछ ।

५) विविधः-

संकलन विधी/साझेदारी आदिः- नदिजन्य पदार्थ संकलन/उत्खनन/स्टक गर्न विभिन्न स्रोतबाट प्राप्त अनुमति बमोजिम राजश्व संकलन गर्ने कार्य यथासम्भव ठेक्का व्यवस्थापन गरी गरिनेछ । तर समय,श्रम र धनको उपलब्धता हेरी अमानतबाट समेत संकलन गर्न सकिनेछ । संकलन कार्यमा स्थानीय उपभोक्ता एवं उद्योगहरुलाई प्राथमिकताका साथ उपलब्ध गराईनेछ ।
छिमेकी गाउँपालिकाहरु संगको भौगोलिक सिमाना विवाद बजारीकरणको अवस्था, पहुँच मार्गको समानता जस्ता विविध कारणबाट संयुक्त समितिबाट समेत कर संकलन गर्न सकिनेछ ।

आज्ञाले
ललित कुमार थापा
प्रमुख प्रशासकीय अधिकृत